परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २९३ पृष्ठ ४ २०८३ साउन २७ गते बुधबार 12 August, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




# मधेसको पर्यटकीय गन्तव्य बन्दै पञ्चधुरा माई

**धार्मिक, सांस्कृतिक र पर्यावरणीय महत्व जोगाउँदै पञ्चधुरालाई योजनाबद्ध रूपमा पर्यापर्यटनको गन्तव्य बनाउनुपर्नेमा जोड।**



● टक नेपाल

महोत्तरीको बर्दिबास नगरपालिका-४ स्थित ऐतिहासिक तथा धार्मिकस्थल पञ्चधुरा माई मन्दिरलाई मधेस प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने आवाज उठेको छ।

मधेस प्रदेश सभाका सभामुख रामअशिष यादवले पञ्चधुरा माई मन्दिर क्षेत्रको पर्यटन पूर्वाधार विकासका लागि स्थानीय तह, पर्यटन व्यवसायी र प्रदेश सरकारबीच सहकार्य आवश्यक रहे को बताउनुभएको छ। धार्मिक तथा पुरातात्त्विक महत्व बोकेको क्षेत्रको विकास गर्दा दीर्घकालीन योजना बनाएर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

पञ्चधुरा माई मन्दिरको भ्रमणका क्रममा सभामुख यादवले धार्मिकस्थलको समग्र विकासका लागि मास्टर प्लान र विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्नुपर्ने बताउनुभयो। विकासका नाममा जथाभावी संरचना निर्माण गर्दा धार्मिक, सांस्कृतिक तथा पर्यावरणीय महत्वमा असर पर्न सक्ने भएकाले योजनाबद्ध र वातावरणमैत्री विकास आवश्यक रहेको उहाँको भनाइ थियो।

"एउटा मास्टर प्लान र डीपीआर बनाएर पर्यावरणमैत्री, संस्कृतिमैत्री र सनातन धर्मको रक्षाको सन्देश जाने गरी यो ठाउँलाई पर्यापर्यटनका रूपमा विकास गर्न आवश्यक छ," सभामुख यादवले भन्नुभयो।

उहाँले धार्मिकस्थललाई स्वच्छ र सफा राख्न स्थानीयस्तरबाटै संकल्प आवश्यक रहेको बताउनुभयो। पर्यटन व्यवसायी, स्थानीय जनप्रतिनिधि र प्रदेश सरकारबीच सहकार्य भए पञ्चधुरा माई क्षेत्रलाई आकर्षक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने उहाँको भनाइ थियो।

कार्यक्रममा नेपाल होटल तथा पर्यटन व्यवसायी महासङ्घ मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमले पञ्चधुरा माई मन्दिर बर्दिबास बजारबाट करिब तीन किलोमिटरको दूरीमा रहेको र धार्मिक आस्थाका दृष्टिले महत्वपूर्ण क्षेत्र भएको बताउनुभयो।

उहाँका अनुसार मन्दिर परिसर करिब १३ बिघा क्षेत्रफलमा फैलिएको छ। पछिल्लो दुई वर्षमा पर्यटन व्यवसायीहरूको पहलमा परिसरमा सानो पार्क निर्माण तथा पोखरी सौन्दर्यीकरणलगायतका काम भएका छन्। अझै आवश्यक पूर्वाधार निर्माण गर्न बाँकी रहेकाले पञ्चधुरालाई मधेस प्रदेशकै प्रमुख पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउनुभयो।

गौतमले पञ्चधुरा माईसँग जोडिएको ऐतिहासिक कथन समेत प्रस्तुत गर्नुभयो। उहाँका अनुसार तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले यस क्षेत्रमा सेतो बाघ देखे को भन्ने स्थानीय कथनसँग यो क्षेत्र जोडिएको छ।

प्रगतिशील लेखक सङ्घ, नेपाल मधेस प्रदेशका अध्यक्ष नारायण घिमिरेले धार्मिक, पुरातात्त्विक तथा ऐतिहासिक सम्पदालाई पर्यटनसँग जोडेर आर्थिक समृद्धिको आधार बनाउनुपर्ने बताउनुभयो।

होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरी र बर्दिबास नगर संस्कृति तथा पर्यटन प्रवर्द्धन समितिको पहलमा सभामुख यादवलाई पञ्चधुरा माई क्षेत्रको भ्रमण गराइएको घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार यसअघि गत वर्ष मधेस प्रदेशका मुख्यमन्त्रीलाई समेत उक्त क्षेत्रको भ्रमण गराइएको थियो।

स्थानीय धार्मिक तथा ऐतिहासिक स्थलको प्रचार-प्रसार र प्रवर्द्धनले बर्दिबास नगर पालिकासँगै महोत्तरी जिल्ला हुँदै समग्र मधेस प्रदेशको पर्यटन विकासमा योगदान पुऱ्याउन सक्ने घिमिरेले बताउनुभयो।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष तथा बर्दिबास नगरपालिका-४ का वडाध्यक्ष अक्कलबहादुर तामाङले पञ्चधुरा माई मन्दिरको विकासका लागि प्रदेश सरकारबाट थप सहयोगको अपेक्षा रहेको बताउनुभयो। यसअघि पनि प्रदेश सरकारबाट सहयोग प्राप्त भएको उल्लेख गर्दै उहाँले आगामी दिनमा आवश्यक पूर्वाधार विकासका लागि थप सहयोग गर्न आग्रह गर्नुभयो।

# सुधार केन्द्र कि यातना गृह ? मधेसमा नशामुक्तिको नाममा बढ्दो जोखिम

● टक नेपाल

लागुऔषध तथा मदिराको लतबाट छुटकारा दिलाउने उद्देश्यले सञ्चालनमा रहेका सुधार केन्द्रहरू नै पछिल्लो समयका केही घटनाले यातनागृहको रुपमा परिणत हुँदै गएको देखिन्छ।

नशामुक्तिका लागि परिवारले विश्वास गरेर पठाएका व्यक्तिको मृत्यु तथा कुटपिटका घटना सार्वजनिक हुन थालेपछि सुधार केन्द्रको व्यवस्थापन, अनुगमन र नियमनमाथि प्रश्न उठेको छ। धनुषाको धारापानीस्थित शुभेच्छा फाउन्डेसन तथा सुधार केन्द्रमा हालै एक युवकको मृत्यु भएपछि यो विषय पुनः चर्चामा आएको हो। गणेशमान चारनाथ नगरपालिका-४ का ४० वर्षीय मोजिबुल राईनलाई परिवारले मदिराको लतबाट छुटकारा दिलाउने उद्देश्यले २० साउनमा उक्त केन्द्रमा भर्ना गरेका थिए।

केन्द्रमा भर्ना भएको तीन दिनमै उनके मृत्यु भएको हो। मृतकको शरीरका विभिन्न भागमा चोटपटक तथा नीलडाम देखिएको भन्दै परिवारले सुधार केन्द्रमै कुटपिट भएको आशंका गरेको छ। प्रहरीले समेत शवको शरीरमा चोटका संकेतहरू देखिएको जनाएको छ। यद्यपि, पोस्टमार्टम रिपोर्ट प्राप्त नभएसम्म मृत्युको यकिन कारण भन्न नसकिने प्रहरीको भनाइ छ। मृतककी आमा बतुला खातुनले केही व्यक्तिले अस्पतालमा शव छाडेर गएको दृश्य सीसीटीभी फुटेजमा देखिएको दाबी गरेकी छन्। सुधार केन्द्रका सञ्चालकले छोराको मृत्युबारे परिवारलाई समयमै जानकारी नगराएको उनको आरोप छ।

घटनाबारे अनुसन्धान गर्न प्रहरीले सुधार केन्द्रका सञ्चालकसहित केही व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ। मधेसमा सुधार केन्द्रसँग जोडिएको मृत्युको यो पहिलो घटना भने होइन। ८ फागुन २०८१ मा जनकपुरधामस्थित एक सुधार केन्द्रमा धनुषाको गणेशमान चारनाथ नगरपालिका-१० डुमरियाका २० वर्षीय राज कुमार यादवको मृत्यु भएको थियो। परिवारले उनलाई करिब दुई महिनाअघि जनकपुर धाम उपमहानगरपालिका-१९ बेंगाशिवपुरस्थित किशोर फाउन्डेसन सुधार केन्द्रमा भर्ना गरेका थिए। केन्द्रमा रहँदा श्वासप्रश्वासमा समस्या देखिए पछि अस्पताल लगिएको र उपचारका क्रममा उनको मृत्यु भएको विवरण सार्वजनिक भएको थियो। त्यसअघि २ फागुन २०८१ मा बाराको कलैया उपमहानगरपालिका-१ बैंक रोडस्थित नव जन्म सुधार केन्द्रमा कलैया-९ रामपुरका ३२ वर्षीय धीरेन्द्र महतोको मृत्यु भएको थियो।

उनलाई कुटपिट गरिएको र त्यसैका कारण मृत्यु भएको आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरेको थियो। तर, सुधार केन्द्रमा हुने मृत्युका घटनाको वास्तविक संख्या कति हो भन्ने यकिन तथ्यांक सरकारी निकायसँग छैन। मधेस प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार सुधार केन्द्रमा हुने मृत्युको छुट्टै अभिलेख प्रहरीसँग छैन। मधेसमा ४० सुधार केन्द्र गृह मन्त्रालयका अनुसार मधेस प्रदेशमा करिब ४० वटा सुधार केन्द्र दर्ता छन्। तीमध्ये सप्तरीको एउटा केन्द्र हाल सञ्चालनमा छैन। सञ्चालनमा रहेका ३९ वटा केन्द्रमा करिब ८८३ जना सेवाग्राही रहेको मन्त्रालयको तथ्यांक छ।

मन्त्रालयका अनुसार पर्सामा सबैभन्दा बढी नौ वटा सुधार केन्द्र दर्ता छन्। बारामा सात, धनुषामा छ, सिरहा र सर्लाहीमा पाँच-पाँच, महोत्तरीमा चार तथा रौतहटमा तीन वटा केन्द्र दर्ता छन्। सञ्चालनमा रहेका केन्द्रमध्ये सिरहाका पाँच केन्द्रमा ११५, धनुषाका छ केन्द्रमा १५८, महोत्तरीका चार केन्द्रमा ६३, सर्लाहीका पाँच केन्द्रमा १९३, रौतहटका तीन केन्द्रमा २२, बाराका सात केन्द्रमा ९६ र पर्साका नौ केन्द्रमा २३६ जना सेवाग्राही रहेको मन्त्रालयको विवरणमा उल्लेख छ। सेवाग्राही भर्ना हुने र उपचारपछि केन्द्रबाट बाहिरिने क्रम निरन्तर चलिरहने भएकाले केन्द्रमा रहेका व्यक्तिको संख्या परिवर्तन भइरहने मन्त्रालयले जनाएको छ।

यसैबीच सुधार केन्द्रमा सेवाग्राहीमाथि कुटपिट तथा यातना हुने गुनासा पटक-पटक सार्वजनिक भए पनि सम्बन्धित निकायको अनुगमन प्रभावकारी हुन नसकेको मानवअधिकारकर्मीहरूको आरोप लगाएका छन्। मानव अधिकार संस्था इन्सेकका मधेस प्रदेश संयोजक राजु पासमान सुधार केन्द्रमा यातना सम्बन्धी गुनासा निरन्तर बाहिर आइरहेकाले प्रभावकारी अनुगमन आवश्यक रहेको बताउँछन्। उनका अनुसार सुधार केन्द्रको उद्देश्य नशामुक्तिसँगै सेवाग्राहीको मानवअधिकार संरक्षण गर्नु पनि हुनुपर्नेमा त्यसतर्फ सम्बन्धित निकाय गम्भीर हुन आवश्यक छ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल जिल्ला प्रशासन कार्यालयले समय-समयमा सुधार केन्द्रको अनुगमन गर्दै आएको बताउँछन्। उनका अनुसार अनुगमनका क्रममा सेवाग्राहीबाट यातना वा कुटपिटसम्बन्धी उजुरी नआएकाले सञ्चालकलाई कारबाही गर्ने अवस्था नदेखिएको हो।

तर, सुधार केन्द्रमै रहेका व्यक्तिको मृत्यु र कुटपिटका घटना सार्वजनिक भइरहेका बेला नियमित अनुगमन, उजुरी संयन्त्र र सेवाग्राहीको सुरक्षाको प्रभावकारितामाथि भने गम्भीर प्रश्न उठेको छ।



टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### सुशासनका लागि सतर्कताको रूपान्तरबण

नेपालमा सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रणका लागि राष्ट्रिय सतर्कता केन्द्रको भूमिका महत्त्वपूर्ण छ। तर बदलिँदो समय, प्रविधिको विस्तार र भ्रष्टाचारका नयाँ स्वरूपसँगै केन्द्रको परम्परागत कार्यशैलीमा पनि रूपान्तरण आवश्यक देखिएको छ। उजुरी संकलन, अनुगमन र कारबाहीमा सीमित हुने भन्दा भ्रष्टाचार हुन नदिने पूर्वसक्रिय प्रणाली विकास गर्नु अबको प्राथमिकता हुनुपर्छ।

सार्वजनिक निकायमा अनियमितता दोहोरिनु, आयोजना ढिलाइ हुनु, लागत बढ्नु, सार्वजनिक खरिद विवादित बन्नु र सेवाप्रवाह कमजोर हुनु सुशासनका चुनौती हुन्। यस्ता समस्या समाधानका लागि दोषी खोजेर कारबाही गर्ने मात्र होइन, जोखिमको पहिचान गरी प्रणालीमै सुधार गर्नुपर्छ। त्यसका लागि केन्द्रलाई पर्याप्त कानुनी अधिकार, दक्ष जनशक्ति र आधुनिक प्रविधिसहित सक्षम बनाउनु आवश्यक छ।

डिजिटल युगमा सार्वजनिक खरिद, आयोजना, वित्तीय कारोबार र सेवा प्रवाहका तथ्यांकलाई एकीकृत गरी कृत्रिम बुद्धिमत्ता तथा डेटा विश्लेषणमार्फत जोखिम पहिचान गर्ने प्रणाली विकास गर्न सकिन्छ। डिजिटल उजुरी व्यवस्थापन, अनुगमन र कार्यसम्पादनको पार दर्शी अभिलेखले केन्द्रको प्रभावकारिता अझ बढाउन सक्छ।

त्यसैगरी प्रत्येक सार्वजनिक निकायमा सदाचार र जवाफदेहिताको संस्कृति विकास गर्न आवश्यक छ। भ्रष्टाचार नियन्त्रण अनुसन्धान र दण्डमा मात्र सीमित नभई संस्थागत आचरण, नेतृत्व र कार्यसंस्कृतिको सुधारसँग जोडिनुपर्छ।

राष्ट्रिय सतर्कता केन्द्रलाई परम्परागत निरीक्षण गर्ने निकायबाट ज्ञान, प्रविधि, अनुसन्धान र प्रमाणमा आधारित 'सुशासन प्रवर्धन केन्द्र' का रूपमा विकास गर्न सके यसको प्रभाव दीर्घकालीन हुनेछ। अन्ततः सुशासनको सफलता कति कारबाही भयो भन्नेमा होइन, कति जोखिम घट्यो, कति संस्था उत्तरदायी बने र नागरिकको विश्वास कति बढ्यो भन्नेमा मापन हुनुपर्छ।

# महोत्तरीस्थित बर्दिबासका ५८ विद्यार्थीको शिक्षायात्रामा पदम–शम्सेर खड्का प्रतिष्ठानको साथ

• जीवनराज दाहाल

होटल विनायक प्रा.लि., बर्दिबासद्वारा स्थापित पदम-शम्सेर खड्का स्मृति प्रतिष्ठानले बर्दिबास नगर क्षेत्रका गरिब तथा जेहेन्दार विद्यार्थीलाई प्रदान गर्दै आएको छात्रवृत्ति कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ।

'शिक्षित समाज, सक्षम भविष्य र समृद्ध बर्दिबास निर्माण'को उद्देश्यसहित प्रतिष्ठानले वि.सं. २०७७ सालदेखि छात्रवृत्ति प्रदान गर्दै आएको हो। हालसम्म ५८ जना विद्यार्थीले प्रतिष्ठानबाट छात्रवृत्ति प्राप्त गरी आफ्नो अध्ययनलाई अघि बढाइसकेका छन्।

यस वर्ष (२०८३/०८४) पनि बर्दिबास नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

छात्रवृत्तिका लागि इच्छुक विद्यार्थीले आफू अध्ययनरत विद्यालय वा होटल विनायकको कार्यालयमा गई २०८३ साल भदौ ३१ गतेभित्र आवेदन दिन सक्नेछन्।




निर्धारित मापदण्डका आधारमा विद्यार्थी छनोट गरिनेछ। त्यसमध्ये जेहेन्दार छात्र-छात्रामध्ये उत्कृष्ट दुई विद्यार्थीलाई थप छात्रवृत्ति प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

प्रतिष्ठानका अध्यक्ष विष्णु खड्काले शिक्षा क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्यले छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइएको बताएका छन्।

# अनावश्यक सञ्चयले सर्लाहीमा ग्यास अभाव झनै बढ्यो




• टक नेपाल

सर्लाहीमा खाना पकाउने ग्यासको समस्या समाधान हुन सकेको छैन। उपभोक्ताले करिब एक महिनादेखि सहज रूपमा ग्यास पाउन नसकेको गुनासो गर्दै आएका छन्। ग्यास विक्रेता जति नै ग्यास सिलिन्डर आए पनि पु-याउन नसकेको बताउँछन्।

सर्लाही ग्यास विक्रेता सङ्घका अध्यक्ष लालबाबु महतोले अहिले अभावकै बेला धेरै उपभोक्ताले चार/पाँच वटा ग्यास सिलिन्डर एकै पटक भरेर राख्न खोज्दा ग्यास अभाव झनै बढ्न पुगेको बताउनुभयो। उहाँले भन्नुभयो, "यस्तो बेला त एउटा भरेपछि अर्को सिलिन्डर बिस्तारै भरौँला भन्नुपर्ने हो तर अधिकांश उपभोक्ताले भए जति सबै सिलिन्डर यही बेलामा भरेर राख्न थालेकाले अभाव बढेको हो।"

सर्लाहीमा सामान्य अवस्थाको तुलनामा अहिले ३० प्रतिशत कम ग्यास आयात हुँदा डिलर सञ्चालकसमेत हैरान र तनावमा परेको महतोको भनाइ छ। सर्लाहीका लागि ग्यास आपूर्तिको दर बढाइदिन रौतहट र बाराका ग्यास उद्योगमा पुगेर ध्यानाकर्षणसमेत गराएको अध्यक्ष महतोले बताउनुभयो।

पहिले आफ्नो जिल्लाका उपभोक्तालाई पर्याप्त पु-याउन र त्यसपछि मात्र अन्य जिल्लामा ग्यास ढुवानी गर्न ग्यास उद्योगीले भनेको सर्लाही ग्यास विक्रेता सङ्घका अध्यक्ष महतोको भनाइ छ। सर्लाहीमा कुनै पनि कम्पनीका ग्यास उद्योग छैनन्।

सर्लाहीको नवलपुर बजारमा नेपाल ग्यासका विक्रेता कपिल उप्रेतीले ग्यास कम्पनीको खातामा पैसा जम्मा गरेको हप्तौँसम्म पनि ग्यास नपठाउने समस्या रहेको गुनासो गर्नुभयो। उपभोक्ताबाट अत्यधिक माग आइरहेकाले ग्यास पठाइदिन ताकिता गरिरहे पनि आज, भोलि भन्दै उद्योगबाटै टार्ने काम भइरहेको उप्रेतीको भनाइ छ।

उप्रेतीले खाली ग्यास सिलिन्डर लिएर आउने उपभोक्तालाई कुपन दिएर पठाउने गरिएको र ग्यास आएपछि पालो अनुसार बोलाएर दिने गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "कम्पनीबाट ग्यास आएपछि त हामी आफैँले फोन गरेर उपभोक्तालाई बोलाउने गरेका छौँ तर एउटै उपभोक्ताले एकैचोटि तीन/चार वटासम्म सिलिन्डर ल्याएर पालोमा राख्दा सबैलाई पु-याउन सकिएको छैन।"

ग्यास अभावले विशेष गरी बजारक्षेत्रमा कोठाभाडा गरेर बस्ने विद्यार्थी सबै भन्दा बढी मारमा परेका छन्। विद्यार्थी नेता अरविन्द साहले लालबन्दी बजारमा डेरा लिएर पढ्न बसेका ग्रामीण भेगका विद्यार्थी खाना पकाउने ग्यास नपाएर भोकै बस्नुपर्ने बाध्यता रहेको जानकारी दिनुभयो।

स्थानीय जनप्रतिनिधि, उद्योग वाणिज्य सङ्घका पदाधिकारी, व्यापारी र राजनीतिज्ञसँग समन्वय गरी ग्यास सकिएपछि भोकै बस्न बाध्य केही विद्यार्थीको समस्या समाधान गर्न सके पनि क्रमिक रूपमा अधिकांश विद्यार्थी ग्यास अभावको चपेटामा पर्दै गइरहेको साहको भनाइ छ। उहाँले भन्नुभयो, "ग्यास सकिएर विद्यार्थी भोकभोकै कोठामै बस्ने वा घर जाने भन्ने समस्यामा पर्न थालेका छन्।"

साउन १८ गते जिल्ला प्रशासन कार्यालय मलङ्गवामा प्रमुख जिल्ला अधिकारी (सिडिओ) विजयराज सुवेदीको अध्यक्षतामा सुरक्षा प्रमुख, सर्लाही जिल्ला ग्यास विक्रेता सङ्घका पदाधिकारी, उद्योग वाणिज्य सङ्घका पदाधिकारी, व्यवसायीलगायतको बैठकले विद्यार्थी, भाडामा बस्ने व्यक्ति, कर्मचारीलगायतलाई प्राथमिकतामा राखेर ग्यास वितरण गर्ने निर्णय भए पनि सो निर्णयको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। डिलरमा ग्यास आएपछि वितरण गर्न खोज्दा अत्यधिक भिड हुन थालेपछि केही दिनदेखि प्रहरीसँग सहयोग लिएर ग्यास बाँड्नुपर्ने अवस्था आएको छ।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेले ग्यास आएपछि बिक्री गर्ने बेला भिड देखिए पनि बाहिर हल्ला भए जस्तो ग्यासको धेरै नै समस्या भने नरहेको दाबी गर्नुभएको छ। आइतबार हरिवन, लालबन्दी, नयाँरोड, बरहथवालगायत स्थानका ग्यास डिलरको अनुगमन गरी तत्काल सबैमाझ ग्यास पुगोस् भन्ने उद्देश्यले एक जना उपभोक्तालाई एउटा मात्र सिलिन्डर दिन विक्रेतालाई निर्देशन दिइएको सहायक सिडिओ घिमिरेले बताउनुभयो।

अनुगमनका क्रममा विक्रेताले उपभोक्तालाई सुरुमा कुपन दिने र जो पहिले आएको हुन्छ, ग्यास आएपछि उसैलाई पहिले ग्यास दिएर पठाउने गरेको पाइएको सहायक सिडिओ घिमिरेको भनाइ छ। उहाँले भन्नुभयो, "आधा सिलिन्डरपछि पूरा भरिएको सिलिन्डर बाँड्दा माग पूर्ति गर्न समस्या भएको देखिन्छ तर बाहिर हल्ला भए जस्तै ग्यासको जटिल अभाव त देखिँदैन।"

उपभोक्ताले पनि अभाव हुने हल्ला चलाएर अनावश्यक रूपमा स्टक राखिदिँदा समस्या परेको पाइएको सहायक सिडिओ घिमिरेले बताउनुभयो। उहाँका अनुसार ग्यास डिलरसँग समन्वय गर्दा ग्यास आपूर्ति सहज भए १०/१२ दिनमै अभाव हट्ने अवस्था छ। ग्यास विक्रेता सङ्घका अनुसार सर्लाहीमा मासिक ६० देखि ७० हजार थान ग्यास सिलिन्डर खपत हुने गरेको छ।






# राष्ट्रिय एकताको आधार

निमा लामा ह्योल्मो ।



राज्य, राजनीतिक दल, नागरिक समाज, शैक्षिक संस्था, सञ्चार माध्यम तथा प्रत्येक नागरिकले बहुलवादी मूल्य र सहिष्णुताको संस्कारलाई व्यवहारमा उतार्न सके मात्र दिगो शान्ति, सामाजिक सद्भाव र समुन्नत राष्ट्रनिर्माण सम्भव हुन्छ ।



डा. लाक्पा शेर्पा

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुभौगोलिक विशेषतायुक्त राष्ट्र हो । यही विविधता नेपालको मौलिक पहिचान, शक्ति र गौरवका आधार हुन् । विभिन्न जाति, भाषा, धर्म, संस्कृति, परम्परा र जीवनशैली भएका नागरिकबिचको सहअस्तित्व, पारस्परिक सम्मान र सहकार्यबाट नेपाली समाज अगाडि बढ्दै आएको छ । विविधता आफैँमा समस्या होइन; यसको सम्मान गर्न नसक्नु, गलत व्याख्या गर्नु वा राजनीतिक, सामाजिक तथा आर्थिक स्वार्थका लागि दुरुपयोग गर्नु समस्या हुन सक्छ । यही विविधतालाई नेपालको सामाजिक सम्पदा र राष्ट्रिय पहिचानको महत्वपूर्ण आधार मानिन्छ । विविधतालाई सम्मान गर्ने संस्कार को अभाव, अवसरको असमान वितरण, सामाजिक बहिष्करण र पहिचानप्रतिको उपेक्षाले समय समयमा असन्तुष्टि, विभाजन र द्वन्द्वका अवस्था पनि सिर्जना गरेको छ । कुनै पनि समुदायको भाषा, संस्कृति, परम्परा र पहिचानलाई सम्मान गर्नु सामाजिक न्याय, लोकतन्त्र र दिगो शान्तिका लागि आवश्यक ठानिन्छ ।

## बहुलवाद

नेपाली समाज बहुलवादमा आधारित समाज हो । बहुलवाद आधुनिक लोकतान्त्रिक समाजको एउटा महत्वपूर्ण राजनीतिक तथा सामाजिक सिद्धान्त हो । यसको मूल मान्यता भनेको समाज कहिले पनि एकपक्षीय हुँदैन । समाजमा विभिन्न जाति, भाषा, धर्म, संस्कृति, विचार, वर्ग, संस्था र पहिचान भएका समूह सहअस्तित्वमा रहन्छन् । सबैको सम्मान तथा सहभागिता आवश्यक हुन्छ भन्ने हो । बहुलवादले विविधतालाई कमजोरी होइन, समाजको शक्ति र समृद्धिको आधारका रूपमा हेरिन्छ । बहुलवादी समाजमा कुनै एउटा समूह, वर्ग, जाति वा विचारधाराले मात्र सम्पूर्ण समाजको प्रतिनिधित्व गरेको देखिन्न । बरु विभिन्न समूहबिच संवाद, सहकार्य र प्रतिस्पर्धाबाट सामाजिक व्यवस्था सञ्चालन भएको हुन्छ ।

राजनीतिक वैज्ञानिक बहुलवादका व्याख्याता रोबर्ट. ए. डाहल (सन् १९५६) ले आधुनिक लोकतान्त्रिक बहुलवादको व्याख्या गर्दै समाजमा शक्ति विभिन्न समूहबिच वितरित हुन्छ । लोकतन्त्र विभिन्न हित समूहहरूको सहभागिता र प्रतिस्पर्धाबाट बलियो हुन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । नेपाल जस्तो विविधतायुक्त समाजमा डाहलको बहुलवादी दृष्टिकोण समावेशी, समानुपातिक र सामाजिक न्याय स्थापना शक्तिको साझेदारी र सामाजिक सद्भाव कायम गर्न उपयोगी हुने विश्वास गरिन्छ । वैचारिक नेता मदन भण्डारीका विचारमा बहुलवाद विभाजनको आधार होइन, बरु विविधतालाई सम्मान गर्दै लोकतान्त्रिक प्रक्रियाबाट साझा राष्ट्रिय लक्ष्य हासिल गर्ने माध्यम हो ।

## पहिचानको सम्मान

बहुल समाज भन्नसाथ विभिन्न जाति, भाषा, धर्म, संस्कृति, परम्परा, जीवनशैली र विचार भएका मानिससँगसँगै बस्ने समाज भन्ने बुझिन्छ । नेपाल जस्तो बहुल समाजमा विविधतालाई शक्ति, सम्भावना र पहिचानको आधारका रूपमा लिइन्छ । आफ्नो पहिचानको सम्मान भन्नाले कुनै व्यक्ति वा समुदायले आफ्नो भाषा, संस्कृति, इतिहास, परम्परा, मूल्यमान्यता र जीवनशैलीप्रति गर्व गर्नु तथा त्यसको संरक्षण गर्नु हो । आफ्नो पहिचान सुरक्षित भएको अनुभूति हुँदा समुदायमा आत्मविश्वास, सहभागिता र सकारात्मक योगदान गर्ने भावना बढ्न सक्छ । राजनीतिक दार्शनिक फ्रान्सिस फुकुयामा (सन् २०१८) ले आधुनिक विश्व राजनीति आर्थिक फाइदा वा वर्गीय स्वार्थले मात्र होइन, आफ्नो पहिचानको मान्यता र सम्मान पाउने मानवीय चाहनाद्वारा निर्देशित हुने विचार राखेका छन् । फुकुयामाका अनुसार मानिस आफूलाई समाजले सम्मान गरोस् र आफ्नो मूल्य स्वीकार गरोस् भन्ने चाहन्छन् । सम्मान नपाउँदा  मानिसमा आक्रोश पैदा हुन्छ । यसमा पनि उनले दुई वटा कारण बताएका छन् ।

पहिलो भनेको मानिसको अरू सरह समान सम्मान र मान्यता पाउने चाहना हुन्छ । जस्तै- महिला, दलित, जनजाति वा  पिछडिएका समुदायले समान अधिकार र सम्मानका लागि गर्ने सङ्घर्ष हुन् । दोस्रोमा मानिसको अरूभन्दा श्रेष्ठ वा उत्कृष्ट देखिने र सर्वोच्चता स्थापित गर्ने चाहना हुन्छ भनेका छन् ।  जस्तै- उग्र राष्ट्रवादी नेताहरू वा अधिनायकवादी शासक जसले आफ्नो देश वा जातिलाई अन्यभन्दा श्रेष्ठ ठान्छन् ।

आफ्नो पहिचानप्रतिको सम्मानको अर्थ अरूको पहिचानलाई अस्वीकार गर्नु वा आफूलाई श्रेष्ठ ठान्नु भन्ने होइन । आफ्नो पहिचानका नाममा अरू समुदायप्रति घृणा, भेदभाव वा बहिष्करणको भावना विकास भयो भने त्यसले सामाजिक विभाजन र द्वन्द्व निम्त्याउन सक्छ । अरूको पहिचानप्रतिको सम्मान भन्नाले फरक जाति, धर्म, भाषा, संस्कृति र विचार भएका मानिसहरूको अस्तित्व, अधिकार र सम्मानलाई स्वीकार गर्नु भन्ने बुझिन्छ । लोकतान्त्रिक समाजको आधार नै यही हो कि फरक पहिचान भएका सबै मानिस समान सम्मानका हकदार हुन्छन् ।

बहुल समाजमा आफू मात्र सही अरू सबै गलत भन्ने सोच नभएर सबैको अधिकार,अस्तित्व र पारस्परिक हित महत्वपूर्ण हुन्छ भन्ने विषयलाई स्वीकार गरिएको हुन्छ । जब विभिन्न समुदायबिच पारस्परिक सम्मान, सहिष्णुता र सहकार्यको भावना विकास हुन्छ, तब विविधता विभाजनको कारण नभई सिर्जनशीलता र विकासको स्रोत बन्न सक्छ । बहुल समाजमा सामाजिक सद्भाव र सहअस्तित्वको प्रवर्धन, राष्ट्रिय एकताको सुदृढीकरण, सबै समुदायको पहिचान र अधिकारको संरक्षण, लोकतन्त्र र मानव अधिकारको सुदृढीकरण, हिंसा र द्वन्द्वको न्यूनीकरणका निम्ति महत्वपूर्ण मानिन्छ ।

बहुल समाजलाई विविधताभित्र एकताको भावना भएको समाजको रूपमा लिने गरिन्छ । यस्तो समाजमा फरक फरक पहिचान भएका मानिस आफ्ना भाषा, संस्कृति, धर्म र परम्पराको संरक्षण गर्दै समान अधिकार, पारस्परिक सम्मान र लोकतान्त्रिक मूल्यका आधारमा सहअस्तित्व कायम गर्न उद्यत देखिन्छन् । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुधार्मिक देशमा बहुल समाजको अवधारणा सामाजिक सद्भाव, राष्ट्रिय एकता र दिगो शान्तिको आधार मानिन्छ ।

नेपालको सन्दर्भमा हिमाल, पहाड र तराईका विभिन्न समुदाय, भाषा र संस्कृति मिलेर साझा नेपाली पहिचान निर्माण भएको अवस्था छ । कुनै एउटा पहिचानलाई मात्र र ाष्ट्रियताको आधार मान्नुभन्दा सबै पहिचानलाई सम्मान गर्दै साझा राष्ट्रिय भावना बलियो बनाउनु आवश्यक छ । जब कुनै समुदायको पहिचानलाई सम्मान, मान्यता र समान अवसर प्राप्त हुन्छ तब समाजमा विश्वास, सहकार्य र सद्भाव बढ्न सक्छ ।

## सामाजिक सद्भाव

सामाजिक सद्भाव भन्नसाथ समाजमा रहेका विभिन्न जाति, भाषा, धर्म, संस्कृति, विचार, वर्ग र समुदायका मानिसबिच आपसी सम्मान, सहिष्णुता, विश्वास, सहयोग र सहअस्तित्वको भावना कायम रहनु भन्ने अर्थलाई बुझाउँछ । यसले विविधताबिच एकता कायम गर्दै शान्तिपूर्ण र सहयोगात्मक सामाजिक वातावरण निर्माण गर्न मद्दत गर्छ । सामाजिक सद्भाव भएको समाजमा मानिसहरू आफ्नो पहिचान र विश्वासलाई सम्मानपूर्वक जोगाउँदै अरूको पहिचान र अधिकारलाई पनि स्वीकार गरेर अगाडि बढेको देखिन्छ ।

फरक विचार, संस्कृति र विश्वासप्रति सम्मान गर्ने, सबै नागरिकलाई समान अवसर र व्यवहार प्रदान गर्ने, समुदायबिच सहयोग, सहकार्य र विश्वासको सम्बन्ध विकास गर्ने, विवादलाई हिंसाबाट होइन, संवाद र समझदारीबाट समाधान गर्ने कार्यले सामाजिक सद्भावलाई जीवित राख्न मद्दत गर्छ ।

## राष्ट्रिय एकता

फ्रान्सेली समाजशास्त्री इमाइल दुरखिम (सन् १९५३) ले समाजमा पारस्परिक विश्वास, सहयोग र उत्तरदायित्वको भावना बलियो बनाउने कुरालाई जोड दिएका छन् । उनले जब व्यक्तिले समाजप्रति आफ्नो कर्तव्य बुझ्छ र साझा नैतिक मूल्यलाई स्विकार्छ तब मात्र सामाजिक एकता सुदृढ हुन्छ, जसले अन्ततः राष्ट्रिय एकताको जग बसाल्ने छ । राष्ट्रिय एकता भन्नासाथ विभिन्न जाति, भाषा, धर्म, संस्कृति, क्षेत्र, वर्ग र समुदायका नागरिक बिच साझा राष्ट्रिय पहिचान,आपसी विश्वास, सहकार्य र देशप्रतिको साझा जिम्मेवारीको भावना कायम रहने अवस्थालाई बुझ्न सकिन्छ ।

राष्ट्रिय एकता भनेको सबै मानिस एउटै भाषा, संस्कृति वा विचारका हुनु पर्छ भन्ने बुझाइ होइन; बरु विविधतालाई स्वीकार गर्दै साझा राष्ट्रिय हितका लागि एकताबद्ध हुनलाई राष्ट्रिय एकता भन्न सकिन्छ । लोकतान्त्रिक समाजमा फरक विचार र पहिचान रहन सक्छन् तर देशको सार्वभौमिकता, शान्ति, विकास र समृद्धिका लागि सबै नागरिक एकजुट हुनु नै राष्ट्रिय एकताको आधार हो ।

## निष्कर्ष

नेपालको शक्ति यसको बहुलतामा अडेको देखिन्छ । भाषा, जाति, धर्म, संस्कृति, भूगोल र परम्पराको विविधता विभाजनको आधार नभएर साझा राष्ट्रिय सम्पदाका रूपमा ग्रहण गरिनु पर्छ । यही विविधतालाई सम्मान गर्ने राजनीतिक, सामाजिक र सांस्कृतिक संस्कार नै बहुलवादको सार हो । जब प्रत्येक नागरिकले आफ्नो पहिचान सुरक्षित र सम्मानित भएको अनुभूति गर्छ तब मात्र समाजमा विश्वास, अपनत्व र सहकार्यको वातावरण निर्माण हुने देखिन्छ । यही वातावरणले सहअस्तित्वको संस्कार लाई बलियो बनाउने र हिंसा, द्वेष तथा बहिष्करणका प्रवृत्तिलाई कमजोर पार्न सक्छ ।

आफ्नो पहिचानको सम्मानले आत्मसम्मान र आत्मविश्वास जगाउँछ भने अरूको पहिचान प्रतिको सम्मानले विश्वास, सहकार्य र राष्ट्रिय एकता निर्माण गर्छ । यही नै बहुल समाजको वास्तविक शक्ति हो । विविधतामा एकता नेपालको पहिचान हो । यस पहिचानको संरक्षण गर्दै शान्तिपूर्ण, समृद्ध र समावेशी नेपाल निर्माण गर्नु हामी सबैको साझा जिम्मेवारी ठहर्छ । सामाजिक सद्भाव र राष्ट्रिय एकता कुनै एक संस्था, समुदाय वा सरकारको मात्र जिम्मेवारी नभई सम्पूर्ण नागरिकको साझा दायित्व हो । दिगो शान्तिका लागि प्रत्यक्ष हिंसाको अन्त्यसँगै, विभेद र असमानताको अन्त्य आवश्यक हुन्छ । न्याय, समानता, सहिष्णुता, संवाद र सहकार्यमा आधारित समाज निर्माण गर्न सके मात्र सामाजिक सद्भाव बलियो हुन्छ र राष्ट्रिय एकता दीर्घकालसम्म कायम रहन्छ ।

राज्य, राजनीतिक दल, नागरिक समाज, शैक्षिक संस्था, सञ्चार माध्यम तथा प्रत्येक नागरिकले बहुलवादी मूल्य र सहिष्णुताको संस्कारलाई व्यवहारमा उतार्न सके मात्र दिगो शान्ति, सामाजिक सद्भाव र समुन्नत राष्ट्रनिर्माण सम्भव हुन्छ । पहिचानको सम्मानले विश्वास जन्माउँछ, विश्वासले सहअस्तित्वलाई सुदृढ बनाउँछ, सहअस्तित्वले राष्ट्रिय एकतालाई मजबुत बनाउँछ ।

विवाहको लागि भाडामा क्यामरा चाहिएमा....
9814237408



AR Photo
Studio-Bardibas
बर्दिबास नगरपालिका-१, इलाका प्रशासन कार्यालयको छेउमा
हाम्रो सेवाहरू
- फ्लेक्स प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- 2D बोर्ड
- 3Dबोर्ड
- भिजिटिङ्ग कार्ड
- टि-सर्ट प्रिन्ट
- स्टाम्प
- कप प्रिन्ट

छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्धारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि



• टक नेपाल

नेपाली, मैथिली, हिन्दी तथा अङ्ग्रेजी भाषाका विद्वान् एवं वरिष्ठ साहित्यकार डा. राजेन्द्र विमलको राष्ट्रिय सम्मानका साथ अन्त्येष्टि गरिएको छ ।

जनकपुरधामस्थित स्वर्गद्वारीमा सङ्घीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेल 'गनेस' को उपस्थितिमा डा. विमलप्रति नेपाल प्रहरी को एक टुकडीले राष्ट्रिय सम्मान अर्पण गर्दै अन्त्येष्टि गरिएको हो ।

श्रद्धाञ्जली व्यक्त गर्दै मन्त्री पौडेलले प्रसिद्ध साहित्यकार तथा आदरणीय व्यक्तित्व डा. विमलको निधनले आफूहरूलाई मर्माहत बनाएको बताउनु भयो । उहाँले विगतका दिन स्मरण गर्दै आफ्नो पहिलो उपन्यास 'पैताला' लेख्ने क्रममा जनकपुरमा डा. विमलसँग निकै निकट रहेर साहित्यिक संवाद गरेको उल्लेख गर्नुभयो । "डा. विमलले समाजलाई दिनुभएको योगदान अविस्मरणीय छ," मन्त्री पौडेलले भन्नुभयो ।

मन्त्री पौडेल डा. विमललाई श्रद्धाञ्जली दिन देवीचोक स्थित उहाँको निवास पुग्नुभएको थियो । त्यसपछि जनकचोक हुँदै उहाँ अन्त्येष्टिका लागि जनकपुर धामस्थित स्वर्गद्वारी पुग्नुभएको हो ।

डा. विमलको निधनले नेपाली साहित्य क्षेत्रमा अपूरणीय क्षति पुगेको सहभागीहरूले बताएका छन् । उहाँका सिर्जना र साहित्यिक योगदानले नेपाली तथा मैथिली साहित्यमा दीर्घकालीन प्रभाव पार्ने उहाँहरूको भनाइ थियो ।

डा. विमलको ७९ वर्षको उमेरमा आइतबार राति निधन भएको थियो । उहाँको निधनको खबर प्राप्त भएलगत्तै सङ्घीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले राष्ट्रिय सम्मानसहित अन्त्येष्टिमा उपस्थित हुने जानकारी गराएको थियो। उहाँको अन्त्येष्टिमा तीनै तहका सरकारका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

अन्त्येष्टिमा मन्त्री पौडेलसहित मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्ण, सभामुख रामआशिष यादव, प्रतिनिधि सभा सदस्य मनिष झा, प्रदेशका मन्त्री तथा सांसदहरू, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, स्थानीय तहका प्रमुख-प्रतिनिधिहरू तथा साहित्य, कला र विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। सहभागीहरूले साहित्यकार डा. विमलप्रति श्रद्धाञ्जली अर्पण गर्दै नेपाली तथा मैथिली साहित्यमा उहाँले पुऱ्याउनुभएको योगदानको स्मरण गरेका थिए ।

नेपाली, मैथिली, हिन्दी तथा अङ्ग्रेजी साहित्यमा विशिष्ट योगदान पुऱ्याउनुभएका डा. विमलका विभिन्न कृति प्रकाशित छन् । नेपाली भाषामा 'राजेन्द्र विमलका कथाहरू', 'खहरेको तिर्खा', 'मिथिलाको इतिहास, संस्कृति र कला परम्परा', 'गद्य, पद्य र नाटक' तथा बालसाहित्यतर्फ 'फिस्टी रानी' लगायतका कृति प्रकाशित छन् ।

मैथिली भाषामा उहाँका 'इतिहासक घाओ', 'पचास वर्ष मैथिली कथा', 'ई हमरे कथा थिक', 'सूर्यास्तसँ पहिने', 'सीता', 'नौटङ्की चलिरहल अछि' र 'दोहाइ बाबा भुँइयाँ' लगायतका कृति प्रकाशित भएका छन् ।

समाजमा देखिएका विकृति, राजनीतिक विसङ्गति, सामाजिक विभेद, गरिबी, उत्पीडन तथा सीमान्तकृत समुदायका समस्यालाई उहाँले आफ्ना साहित्यिक सिर्जनाको विषय बनाउँदै आउनुभएको थियो। उहाँको निधनसँगै नेपाली तथा मैथिली साहित्यले एक महत्त्वपूर्ण स्रष्टा गुमाएको साहित्यिक क्षेत्रले जनाएको छ ।

# गड्यौला मल बेचेर लाखौं आम्दानी गर्दै



• टक नेपाल

सर्लाहीको लालबन्दीका सन्त लोप्चनलशे रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मेहनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण पेस गर्नु भएको छ । लालबन्दी नगरपालिका-२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गड्यौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहनु भएको हो ।

चौध वर्षदेखि घरमै सञ्चालन गरेको फर्मबाट उत्पादन गरेको जैविक र गड्यौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल हुनुभएको छ । "मिहेनत गर्ने हिम्मत र हातमा सीप भए एक दुई लाख कमाउन विदेश जानु पर्दैन", लोप्चनले भन्नुभयो । धमाधम मल प्याकिङ गरिरहनु भएको लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताउनुहुन्छ ।

जैविक मल बोट बिरुवाको लागि निकै उपयोगी मानिन्छ । यहाँ उत्पादन भएको मल गाउँ घरमा गमलामा फूल रोप्न देखि नर्सरीमा बिरुवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्दछन् । सुरुमा जैविक तथा गड्यौला मल बोटबिरुवाको लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उहाँको कथन छ । अहिले उहाँहरु आफैं मल खोज्दै आउनहुन्छ, खुसी लाग्छ लोप्चनले सुनाउनुभयो । साना बेर्ना तथा बोट बिरुवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गड्यौला मलको माग उच्च रहेको उहाँले सुनाउनुभयो ।

गड्यौला मल कृषि बजारमा कालो हीरा ९ब्ल्याक डाइमण्ड० को रुपमा बिक्री वितरण हुने गरेको छ । लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गड्यौला मल उत्पादनसम्बन्धी सात दिनको तालिम लिनुभएको थियो । तालिम लिएर आएपछि उत्पादन सुरु गर्नुभएको उहाँले बजार खोज्दाको सास्ती अझै भुल्नु भएको छन् । गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरुवामा हाल्ने मन ल्याउने चलन थियो । "मैले धेरै अनुरोध गरी सम्झाए बुझाएँ", उहाँले भन्नुभयो, "आफ्नो गाडीले १०/१० बोरा मल निःशुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरैं । खेती राम्रो भएपछि किसानहरु आफैं मल खोज्दै आउन थाल्नुभयो ।"

तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीको लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो । त्यसपछि बजारले आफूलाई खोज्न थालेको उहाँले सुनाउनुभयो । तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गड्यौला पाएपछि सुरु गरेको मल उत्पादन अहिले उहाँको मनग्य आम्दानीको बाटो बनेको छ ।

लालबन्दी-२, जुटपानी घरैमा उहाँले लोप्चन गाई फर्म तथा भार्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहनुभएको छ । सोही फर्मको नाममा बोरामा २५ किलोको दरले प्याक गरेको जैविक तथा गड्यौला मल काठमाडौं, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ । जिल्लाका गमलामा फूल सजाउने बगैंचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसान समेत यस मलप्रति आकर्षित भएका छन् ।

पच्चीस किलोको एउटा बोरा मलको रु ३२५ पर्छ । "धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौं पठाउने गरेको थिए", उहाँले भन्नुभयो, "भएनभन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु । उता पनि आफ्ना ग्राहक छन् ।" ट्रकमा ४०० बोराका दरले मल जान्छ । लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गर्नुभयो । अहिले दुई छोरा एउटा युरोप र अर्को मलेसियामा छन् । उसलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उहाँको भनाइ छ । लोप्चनले तीन सन्तानको पठनपाठन र लालनपालनको दायित्व अझै यसैको आम्दानीबाट पूरा गरिरहनुभएको छ । चार मजदुर र उहाँ र श्रीमती नियमित काममा लाग्ने गर्नुभएको छ ।

काठमाडौंमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामा समेत धौधौ भयो । त्यसपछि उहाँ भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर गाउँ फर्किनुभएको थियो । गाउँमा किसान समूह गठन गर्नुभएको थियो । समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने जाने गरिरहन्थे । उहाँहरुले दिनुभएको ज्ञानबाट यो पेसामा लग्न प्रेरित गरेको बताउनुहुन्छ । अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गड्यौला मल बिक्री गरेर रु २० देखि २२ लाखसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ ।

सुरुमा गड्यौला समेत बिक्री गरेर आम्दानी गर्ने गरेको भए पनि अहिले मल उत्पादनमा जोड दिनुभएको छ । गड्यौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गड्यौला बिक्री गर्न छाडेको उहाँले बताउनुभयो । यहाँ गड्यौला मात्र प्रतिगोटा दुई रुपैयाँमा बिक्री हुन्छ । यसबाट समेत ठूलो र कम आम्दानी गर्न सकिने उहाँको सुझाव छ । गाउँघर र वनमा कुहिएर रहेका पातपतिङ्गर, पराललगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गड्यौला मल तयार गर्ने गरिएको लोप्चनले बताउनुभयो । गड्यौला मलको लागि गोबर मल प्रति ट्रेलर तीन हजार र ढुवानी र मजदुर खर्च १५ सय लगानी पर्ने उहाँको भनाइ छ ।

"जैविक घाँसपात र गोबर जम्मा गरेर गड्यौलालाई दिएपछि गड्यौलाले खाएर मल तयार गरिदिन्छ", उहाँले भन्नुभयो, "यसरी गड्यौलाले खाएर मलको रुपमा निकालेको धुलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ ।" लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दुःख, फोहर र मोहर यसैमा रहेको उहाँ बताउनुहुन्छ ।

कम्पोष्ट मलको प्रयोगले जमिनको उर्बर शक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनालले बताउनुहुन्छ । रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमा समेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँको जोड छ । रासस




## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।

बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी

## माइग्रेसन सर्टिफिकेट हरायो

मिति २०८३/०४/२० गते का दिन बर्दिबासबाट जनकपुर जानेक्रममा **ललन मण्डल**को निम्न व्होरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा तल उल्लेखित ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**तपसिल:**
**नाम : ललन मण्डल**
**बुबाको नाम : महेश्वर मण्डल**
**रजिष्ट्रेशन नं. : ७-२-६३१-११७-२०१४**
**सिरियल नं. : १७७४१७**
**ठेगाना : बर्दिबास – ९, महोत्तरी**
**फोन नं. : ९८६३३२१०१४**




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014